प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

फोन: ०५७-५२४८३६
ईमेल: moh@bagamati.gov.np

२०७९/८०
प.सं. :
च.नं. : ८३३

मिति: २०७९/०८/०८

विषय: Case Story पठाउने सम्बन्धमा।

श्री अस्पतालहरु(१३ वटै),
श्री स्वास्थ्य कार्यालय (१३ वटै),
बागमती प्रदेश, नेपाल

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रको च.न. ५३५, मिति २०७९/०७/२५ को पत्रानुसार मिति २०७९ चैत्र ०८ देखी १० गते सम्म निक साईमन्स इन्सटिच्यूटको संयुक्त आयोजनामा 11th Rural Health Care Workers Conference संचालन हुने र सम्मेलनमा सहभागी हुन ईच्छुक तपसिल बमोजिमका स्वास्थ्यकर्मीहरुले संलग्न ढाचाँ अनुसारको Case Story पठाइसकेपछि सोको आधारमा राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट सहभागी छनौट गरीनेछ भनी उल्लेख भएको हुँदा, मिति २०७९/०९/११ गते सम्म Case Story ईमेल ठेगाना: info@nhtc.gov.np र moh@bagamati.gov.np मा पठाउनुहुन निर्देशानुसार अनुरोध छ।

<u>तपसिल</u>

१. मे.सु./मे.अ./ज.स्वा.अ.(अस्पताल/स्वास्थ्य कार्यालयमा कार्यरत)
२. हे.अ., अ.हे.व (अस्पताल/प्रा.स्वा.के/ स्वास्थ्य चौकीमा कार्यरत)
३. स्टाफ नर्स/ अ.न.मी. (अस्पताल/प्रा.स्वा.के/ स्वास्थ्य चौकीमा कार्यरत)

२०७९/०८/०८
..................................
डा. रबिन भुषाल
आयुर्वेद चिकित्सक

<u>वोधार्थ:</u>
श्री राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकु, काठमाण्डौं।
श्री निक साइमन्स इन्स्टिच्युट- सानेपा, ललितपुर।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र

टेलिफोन नं. ०१-४३५५८९२
०१-४३६२१६१
०१-४३१६९४४
०१-४३५६७६४
०१-४३६१४८३
फ्याक्स नं.: ०१-४३६१८१७
इमेलः info@nhtc.gov.np
टेक, काठमाडौं।
२०७९/०७/२५

पत्र संख्याः- ०७९।८० विषयः Conference मा सहभागिताको लागि Case Story पठाउने सम्वन्धमा । मितिः-
चलानी नं :- ४२५

श्री प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, प्रदेश १
श्री सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश ।
श्री प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, बाग्मती प्रदेश।
श्री प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश ।
श्री स्वास्थ्य मन्त्रालय, लुम्विनी प्रदेश ।
श्री सामाजिक विसास मन्त्रालय, कर्णाली प्रदेश ।
श्री सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश ।
श्री सबै प्रादेशिक स्वास्थ्य निर्देशनालय, प्रदेश सरकार ।
श्री सबै स्वास्थ्य कार्यालयहरू
श्री सबै स्थानीय तहहरू
श्री सबै अस्पतालहरू

बाग्मती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौडा, नेपाल
दर्ता नं. ९२५८
मिति २०७९।०८।०८

यस केन्द्र र निक साइमन्स इन्स्टिच्यूटको संयुक्त आयोजनामा विगतका वर्षहरूमा झै यस वर्ष पनि ग्रामिण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन प्रदान गर्ने तथा निरन्तर चिकित्सकीय ज्ञान सिप (CME) प्रदान गर्ने उद्देश्यले मिति २०७९ चैत्र ०८ देखी १० गते सम्म काठमाण्डौमा 11th Rural Health Care Workers Conference हुन गइरहेको छ। सो सम्मेलनमा सहभागी हुन इच्छुक स्वास्थ्यकर्मीहरूले संलग्न ढाचाँ अनुसारको Case Story पठाइसकेपछि सोका आधारमा यस केन्द्रवाट सहभागी छनौट गरिन्छ।

तसर्थः आफू र आफ्नो मातहतका निकायहरूमा कार्यरत विगतमा सो Conference मा सहभारी नभएका तपसिल बमोजिमका समुहका कर्मचारीहरूलाई यस केन्द्रमा मिति २०७९/०९/११ गते सम्ममा आइपुग्ने गरी Case Story पठाउने जानकारी सम्प्रेषण गरी दिनुहुन अनुरोध छ।

डा. यदुचन्द्र घिमिरे
निर्देशक

तपसिलः
१. मे.सु./से.अ./ज.स्वा.अ.(विभिन्न अस्पताल/स्वास्थ्य कार्यालय)
२. हे.अ., अ.हे.ब.(विभिन्न अस्पताल/प्रा.स्वा.के/स्वास्थ्य चौकीमा कार्यरत )
३. स्टाफ नर्स/अ.न.मी.(विभिन्न अस्पताल/प्रा.स्वा.के. /स्वास्थ्य चौकीमा कार्यरत)

वोधार्थः
श्री निक साइमन्स इन्स्टिच्युट- सानेपा ललितपुर ।

**11th Rural Health Care Workers Conference**

**Case Story किन पठाउने ।**

- छनौट भएका पठाउने स्वास्थ्यकर्मीलाई सम्मेलनमा सहभागी हुने अवसर प्राप्त हुने र छनौट भएका मध्येबाट उत्कृष्ठ ५(पाँच) वटा कथाहरूको प्रस्तुतिकरण हुने ।
- आफुले गरेको राम्रो काम तथा सिकाईहरूको बारे अरूलाई समेत जानकारी गराउने

**कस्तो किसिमको Case Story पठाउने**

- आफुले काम गर्दा वास्तविक घटनाहरू(काल्पनिक होइनन)
- समाज/व्यक्तिका लागी आफ्नो प्रयासमा सफल भएका घट्ना तथा कथाहरू
- राम्रो उद्देश्य राखी प्रायास गर्दा सफलता प्राप्त गर्न नसकिएको घटना तथा कथाहरू र त्यसबाट सिकिएका कुराहरू
- संलग्न ढाँचा/उदाहरण अनुसारको नेपाली अथवा अङ्ग्रेजी भाषामा टाइप गरिएको अथवा हस्तलिखित

**सम्मेलनको उद्देश्य**

- ग्रामिण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन प्रदान गर्ने ।
- निरन्तर चिकित्सकीय ज्ञान सिप (CME, Continual Medical Education) प्रदान गर्ने ।
- सरकारी नीति निर्माण गर्ने तहसंग आफ्नो भनाई राख्ने अवसर प्रदान गर्ने ।
- ग्रामिण स्वास्थ्यकर्मीहरू, नेपाल सरकारका पदाधिकारीहरू र निक साइमन्स इन्स्टिच्युट बिच संजाल विस्तार गर्ने ।

**सहभागीताको लागि पठाउनु पर्ने जानकारी**

१. कार्यरत विवरण (नाम,पद,श्रेणी तह, ठेगना, सम्पर्क नं., सेवा अवधि)
२. वास्तविक घटना कथा जानकारी (संलग्न Case Story को नमुना अनुसार नेपाली वा अङ्ग्रेजीमा) पठाउने ।

उक्त विवरण २०७९/०९/११ गते भित्र आई पुग्ने गरी निम्न ठेगनामा पठाउन अनुरोध छ।

**<u>पठाउने ठेगनाः</u>**


राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
लिलादेवी प्रसाई, शाखा अधिकृत
मोबाईल नं. ९८४१७७७७४१
फोन नं. ०१-५३६२१६१
इमेलः info@nhtc.gov.np

निक साइमन्स इन्स्टिच्युट
पलिन सुब्बा, कोअर्डिनेटर
मोबाईलः ९८१८१५२५८४
फोन नं. ०१-५५५०३१८
फ्याक्सः ०१-५५५४२५०
इमेलः palin@nsi.edu.np


श्री।७१४

त्यो दिनको सम्झना

केश स्टोरी

त्यस दिन मेरो इभिनिङ्ग डिउटी थियो । लगभग ३ बजे तिर एक जना कलावती नाम भएको बिरामी लिएर इमर्जेन्सीबाट तुलसी पौडेल आउनु भयो । बिरामीको आफन्त थिएनन् । वृद्धा श्रम गलेश्वरमा बस्ने बेसाहरा हुनाले एकजना सहयोगिले अस्पताल सम्म ल्याउनु भएको थियो । बिरामी इन्डोरमा भर्ना हुनु भएको कारण गोडाको घाउ उपचार गर्न थियो मेडिकल भाषामा गोडामा भएको त्यो घाउ लाई Neglected wound भनिन्छ । घाउ जाँच अगाडि नै फैलिएको दुर्गन्धबाट अरु भर्ना हुने बिरामीहरु नाक थुनेर बसे । यस्तो बिरामी भर्ना नगर्नु, अरुलाई असर भयो भन्न थाले । बिरामीको अवस्था ज्यादै नाजुक थियो । हिडडुल गर्न नसक्ने र सरसफाईको अवस्था पनि दयनिय थियो । घाउ सडेर पिप बगेको थियो , दुर्गन्धीत थियो , लगभग खुट्टाको ८० प्रतिशत घाउ फैलिएको थियो । धेरै दिन देखि डेसिङ्ग नभएको त्यो घाउ कुनै सिनोमा जसरी किराहरु परेर सडाउँछन् त्यस्तै प्रकारको यो घाउमा (किरा) म्याडोट्स परेर झन खराब थियो । किरा (म्यागोट्स) हेर्दा लाग्दथ्यो यो कुनै निर्जिव अंग हो । हड्डी समेत मासु नभएको कारणले बाहिरै बाट देख्न सकिन्थ्यो ।

घाउ सफा गर्दा आर्टी फोरसेपले सडेको मासु तथा जिउँदो म्यागोट्सलाई निकाल्दै सफा गरियो । म्यागोट्स निकाल्न खोज्दा अलि अलि निकालियो धेरै जसो त घाउ भित्र नै गयो । त्यसैले हामीले त्यो म्यागोट घाउ भित्र नरहोस भनेर त्यसमा कपुरको धुलो बनाई हालिदियौ । लगभग ३, ४ घण्टामा त्यस घाउबाट किराहरु म्यागोट मरेर झर्न थाल्यौ । त्यसो हुनाले घाउ क्रमिक रुपमा घाउको ड्रेसिङ्ग भई रहयो । घाउ निकै गहिरो र टिबिया हड्डी नै बाहिरबाट देखिने अवस्थाको थियो । त्यसो हुनाले घाउ सफा गर्न भन्दा पहिले अर्थोपेडिक डाक्टर रोशन न्यौपाने सहितको टिमले बिरामी जाँच भयो । उहाँहरुले पनि घाउ निकै संक्रमित भएको हुदाँ सुविधा युक्त सर्जरी सेवा भएको ठाउँमा उपचार गर्नु पर्ने भन्ने उहाँको भिजिटरलाई सल्लाह दिनु भयो । साथै भविष्यमा छाला प्रत्यारोपण गर्ने सल्लाह दिनु भयो । तर बिरामीको कोही पनि आफ्नो मान्छे नभएको र रिफर गरी बाहिर जान नसक्ने अवस्था भए पछि हाम्रै बेनि अस्पतालमा उपचार गर्ने सल्लाह गरीयो । हामि कहाँ भएको एम.डि.जि.पी. डाक्टर र डा रोशन न्यौपानेले छाला प्रत्यारोपण गर्ने योजना बनाउनु भयो तर त्यसका लागि घाउ स्वास्थ्य हुनु पर्ने भन्नु भयो त्यस बेला हाम्रो अस्पतालमा भख्खरै मात्र अप्रेशन सेवा सुरु भएको र छाला प्रत्यारोपण लागि कुनै पनि औजारहरु थियन तर प्राविधिक हिसाबले डा रोशन न्यौपाने धेरै छाला प्रत्यारोपण गर्नु भएको र यो सम्वन्धमा कुराको विशेषज्ञ हुनु हुन्थ्यो ।

यसै विषयमा लिएर हाम्रो स्टाफ मिटिङ्गमा पनि कुरा चलेको बेला छाला प्रत्यारोपण गर्न सकीने र त्यसको लागि चाहिने सबै औजार उपकरण विकास समितिबाट जुटाउने र बिरामीलाई जसरी भए पनि निको पारि पठाउने अठोट गरीयो । अनि आवश्यक औजारको व्यवस्था भयो ।

बिरामीको घाउ नियमित रुपले ड्रेसिङ्ग गर्ने, म्यागोट्सहरु निकाल्ने र एन्टिबायोटिक्सको गरी उपचार हुदै गयो । उक्त बिरामीको घाउ पनि क्रमिक रुपमा सुधार हुदै गयो । भर्ना भएको ४५ दिन पछि छाला प्रत्यारोपण गर्ने योजना तय भयो र यसै अनुसार बिरामीको तिघ्रा बाट छाला निकाली प्रत्यारोपण गरियो ।

हाम्रो जस्तो न्यून साधन स्रोत र जनशक्ति भएको ठाउँमा पनि व्यवस्थापन पक्षबाट सहयोग तथा समन्वय भए पछि धेरै राम्रा काम गर्न सकिदो रहेछ । अप्रेशन सेवाका लागि निक साइमन्स इन्स्टीच्यूटबाट बेनी अस्पताल म्याग्दीलाई जती सहयोग भएको छ त्यो म्याग्देली जनता लगाएत पर्वत, मुस्ताङ्ग र बाग्लुङ्गका जनताको लागि अपरिहार्य सेवा संचालनमा मदत्त पुगेको छ । त्यसैले निक साइमन्स इन्स्टीचूट लाई हृदय देखि नै धन्यबाद दिन चाहान्छु । व्यवस्थापन पक्षमा रही बेनी अस्पताललाई जति सक्दो राम्रो बनाउन तलिन रहनु भएको मे.सु.डा रोशन न्यौपाने साथै अस्पताल व्यवस्थापन समितिको अध्यक्ष ज्यू लाई पनि धेरै धेरै धन्यबाद दिन चाहान्छु ।

त्यो अवस्थाको बिरामीलाई निको बनाएर पठाएको दिनको मलाई अहिले पनि सम्झना आई रहन्छ ।

नाम : | तह / श्रेणी :

पद : | ठेगाना :

सेवा अवधि : | ईमेल :